आज मिति २०८२ साल भाद्र महिना २ गते सोमबारको दिन भिमाद नगरपालिका, तनहुँको आर्थिक वर्ष २०८२/०८३ को नगर कार्यपालिकाको दोस्रो वैठक नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| | श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| | श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| | श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| | श्री पदमराज सेन ठकुरी | सदस्य | वडा अध्यक्ष ३ |
| | श्री रामकृष्ण राना | सदस्य | वडा अध्यक्ष ४ |
| | श्री पदम बहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| | श्री श्याम सुन्दर जोशी | सदस्य | वडा अध्यक्ष ६ |
| | श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| | श्री अण बहादुर शाही | सदस्य | वडा अध्यक्ष ८ |
| | श्री रुद बाहादुर क्षेत्री | सदस्य | का. वडा अध्यक्ष ९ |
| | श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| | श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| | श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| | श्री कमलप्रसाद पुन | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |
| | | आमन्त्रित उपस्थिति | |
| | श्री सन्दिप पौडेल | | उप-सचिव |
| | श्री अर्जुन प्रसाद पौडेल | | लेखा अधिकृत |
| | श्री टेकावती ढकाल | | शाखा अधिकृत |
| | श्री सुर्य प्रसाद पौडेल | | प्रशासकीय अधिकृत |

डा० हरि पराजुली

प्रमाणित

आर्थिक वर्ष २०८२/०८३ को दोस्रो नगर कार्यपालिका बैठकमा प्रस्तुत प्रस्ताव र निर्णयहरु
मितिः २०८२/०५/०२

प्रस्तावहरु

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा,
२. नगर जलस्रोत समितिको सिफारिस सम्बन्धमा,
३. सुकुम्बासी तथा अव्यवस्थित बसोबासी सम्बन्धमा,
४. डेरी सहितको साईलेज उद्योग हस्तान्तरण सम्बन्धमा,
५. योजनाको ठेक्का लगाउने सम्बन्धमा,
६. आ.व. ०८१।०८२ को वार्षिक योजना तथा कार्यक्रमको समिक्षा गर्ने सम्बन्धमा,
७. मनोसामाजिक तथा मानसिक स्वास्थ्य नीति तर्जुमा गर्ने सम्बन्धमा,
८. विविध

निर्णय नं. १

प्रस्ताव नं.१ माथि छलफल गर्दा मिति २०८२/०४/१४ गते वसेको नगर कार्यपालिकाको आ.व. २०८२।०८३ को पहिलो बैठकमा भएका निर्णयहरूको समीक्षा गरियो । निर्णय कार्यान्वयन हुन बाँकी निर्णयहरू सिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा नगर जलस्रोत समितिको मिति २०८२।०४।२९ गते को बैठकले साविक जिल्ला जलस्रोत समितिमा दर्ता भई नगरपालिमा हस्तान्तरण भएका खानेपानी तथा सरसफाई संथाहरुलाई दर्ता नियमित गर्न भिमाद नगरपालिका जलस्रोत ऐन, २०७८ को दफा १२ को उपदफा २ बमोजिम नमिल्ने देखिएकोले सोही ऐनको दफा ३८ बाधा अड्काउ फुकाउ बमोजिम उक्त संस्थाहरु दर्ता नियमित गर्न १५ दिने सूचना प्रकाशन गर्ने भनी सिफारिस भई आएकोले नगर जलस्रोत समितीको सिफारिस बमोजिम गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि,२०८१ बमोजिम भिमाद नगरपालिकाका बस्तीहरुको तहगत क्षेत्र वर्गिकरण गर्ने सम्बन्धमा छलफल गरियो । यस सम्बन्धमा थप छलफल गरी अर्को बैठकमा निर्णय गर्ने निर्णय गरियो ।

### निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद नगरपालिका र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेशको लागत साझेदारीमा कार्यान्वयन भएको डेरी सहितको साईलेज उद्योग डेरी सहितको साईलेज उद्योग सञ्चालन कार्यविधि, २०८० बमोजिम सञ्चलान तथा व्यवस्थापन गर्ने गरी भिमाद कृषि उद्यम सहकारी संस्था लिमीटेड भिमाद-६ लाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

### निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको चालु आ.ब. ०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रमहरु कार्यान्वयन गर्न वार्षिक कार्ययोजना बनाउने र उक्त कार्य योजना बमोजिम ठेक्का लगाउनु पर्ने योजनाहरुको सिघ्र ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

### निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक समिक्षा गोष्ठी मिति २०८२ साल भाद्र महिना भित्र गर्ने र सोको लागि सबै वडा कार्यालय र शाखाहरुले आवश्यक तयारी गर्न निर्देश गर्ने निर्णय गरियो।

### निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा मनोसामाजिक तथा मानसिक स्वास्थ्य सेवालाई प्रथामिकतामा राखी मानसिक स्वास्थ्यको प्रवर्द्धन गर्न मनोसामाजिक तथा मानसिक स्वास्थ्य नीति आवश्यक भएकाले सो नीति निर्माण गर्न विधेयक समितिलाई सौद्धान्तिक सहमति दिने निर्णय गरियो ।

### निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा विभिन्न संघ संस्थाहरुवाट कार्यक्रम संचालनका लागि निवेदनहरु सहित आर्थिक प्रस्ताव पेश गरेको हुँदा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रमबाट तपसिल बमोजिमको शीर्षकवाट बजेट विनियोजन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | नाम | आर्थिक प्रस्ताव भएको/ नभएको | विनियोजित/भूक्तानी रकम | रकमान्तर गरिने शिर्षक नं नाम |
|---|---|---|---|---|
| १ | नेवा देय् दबू गण्डकी प्रदेश समिति कास्की | भएको | ५०,०००/- | सि.नं. ६३ विविध कार्यक्रम खर्च |
| २ | भिमाद एफ.एम.खुल्ला तीज गीत प्रतिगोगिता भिमाद ६ | भएको | ३०,०००/- | |

निर्णय नं. ९

प्रस्ताव नं. ८ माथि छलफल गर्दा साविक भानुमति गा. वि. स. वडा नं. ३ हाल भिमाद नगरपालिका वडा नं ८ बस्ने सर्दाखर अधिकारिको नाति पशुपति अधिकारीको छोरा वेदराज अधिकारीले विगत १९ वर्ष देखि त्रिवेणी टोल स्थित रहेको अन्दाजी क्षेत्रफल ०-१२-०-० भएको जग्गा निजले आवाद कमोत गरेको भनि वडा कार्यालयले प्रमाणित गरे बमोजिम हाल निज व्यक्तिको बसोबास शुक्लागण्डकी नगरापलिका वडा नं. ५ मा भएको साथै छुट जग्गा दर्ता पनि उक्त कार्यालयबाट नै भएको हुँदा भुमिहिन दलित भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन सम्बन्धी कार्यविधि २०८१ को दफा ९ को उपदफा ४ बमोजिम यस कार्यालयमा छुट जग्गा दर्ता लागि पेश गरेको सम्पूर्ण कागजातहरु शुक्लागण्डकी नगरपालिका पठाउने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. ८ माथि छलफल गर्दा भिमाद नगरपालिकामा तपसिल अनुसारको योजनाको संचालन गर्नको लागि वडा कार्यालयको सिफारिस साथ निवेदनहरु प्राप्त भएकोले भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत नगर विकास योजनाको निम्मन बमोजिमको शीर्षकवाट प्राविधिक लागत अनुसारको रकम विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | योजनाको नाम | ठेगाना | प्रविधिक लागत अनुमान भएको/नभएको | विनियोजित रकम रु | रकमान्तर गरिने शीर्षक |
|---|---|---|---|---|---|
| १ | बडुवा खोला ट्रस पुल पहुच मार्ग | भिमाद ३ | भएको | २,५०,०००/- | सि.नं.१०९ नगर कार्यपालिकाको निर्णय अनुसार सडक, सिंचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण मर्मत सुधार एवं गत आ.व.को भुक्तानी वाँकी योजनाहरु समेत शिर्षकवाट |
| २ | लोकतान्त्रीक मोटरमार्ग पिपल झन्ज्याङ | भिमाद ३ | भएको | ८०,०००/- | |
| ३ | वडा नं १ आधाभूत स्वास्थ्य भवन निर्माण (रेलिङ अपाङ्गमैत्रि बाटो र फिनिसिङ गर्नको लागि) | भिमाद १ | भएको | २,५०,०००/- | |

निर्णय नं. ११

प्रस्ताव नं. ८ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आ. व. २०८२/०८३ को स्वीकृत वार्षिक नगरविकास योजनामा समावेश भएको शिक्षा, युवा तथा खेलकुद शाखाको नगरतर्फको क्र.सं. ९ मा रु. १९,३५,०००।-(अक्षेरुपी उन्नाईस लाख पैंतीस हजार) मात्र विनियोजन

गरिएकोमा उक्त विनियोजित रकम सङ्घीय सरकारबाट उपलब्ध गराइएको खर्च शीर्षक २२५२२ दिवा खाजामा सामुदायिक विद्यालयमा अध्ययनरत बालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीरूका लागि प्रति विद्यार्थी प्रतिदिन रु ५ का दरले थप अनुदान गत वर्ष ससर्त तर्फ दिवा खाजामा १५ रुपैयाँ मात्र दैनिक खाजाका लागि प्राप्त हुँदा दैनिक रु २० पुऱ्याउनका लागि छुट्याइएकोमा यस आर्थिक वर्षमा सङ्घीय सशर्त कार्यक्रममै २० रुपैयाँ अनुदान दिन सकिने व्यवस्था भएको हुँदा उक्त आ. व. २०८२/०८३ को स्वीकृत वार्षिक नगरविकास योजनामा समावेश भएको शिक्षा, युवा तथा खेलकुद शाखाको नगरतर्फको क्र.सं. ९ मा विनियोजन गरिएको रकम नगरसभाबाट अनुमोदन गर्ने गरी अन्य शैक्षिक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. ८ माथि छलफल गर्दा गत आ.व. २०८१/०८२ को वार्षिक नगर विकास योजनामा समावेश बहु क्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत भिमाद नगरपालिका वडा नं. ५ मा कार्यक्रम सञ्चालन गर्दा अपुग भएको रकम रु ३४,०००/- (अक्षरेपी चौंतीस हजार) वडा कार्यालयको सिफारिस र वाडा समितिको निर्णय अनुसार आ.व. २०८२/०८३ को नगर विकास योजनामा समावेश भएको उक्त वडा कार्यालयको सि.नं. १ को वडा समितिको निर्णय अनुसार विविध चालु कार्यक्रम संचालन खर्च शिर्षकबाट विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १३

प्रस्ताव नं. ८ माथि छलफल गर्दा भिमाद नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई स्थानीय तहले प्रदान गर्ने सेवा प्रवाह र सुशासन सम्बन्धमा तनहुँ जिल्लाका प्रमुख अधिकारी सँग एक दिने अन्तरक्रिया कार्यक्रम सञ्चलन गर्नको लागि आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत नगर विकास योजनाको सि. नं. ६३ को विविध कार्यक्रम खर्च शिर्षकबाट रु २४,०००।- (अक्षरेपी चौबीस हजार) मात्र विनियोजन गरि कार्यक्रम गर्ने निर्णय गरियो ।